नेपाल सरकार

# प्रदेश प्रमुखको कार्यालय, गण्डकी प्रदेश, पोखराको

## मौजुदा सूची दर्ता गर्ने सम्बन्धी सूचना

*(प्रकाशित मिति २०८३/०३/२६)*

यस कार्यालयको लागि आ.व.२०८३/८४ मा आवश्यक पर्ने निम्नानुसार सामान तथा सेवा उपलब्ध गराउन इच्छुक इजाजत प्राप्त दर्तावाल व्यक्ति, फर्म, कम्पनी एवं संस्थाहरुबाट सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १८ अनुसार मौजुदा सूची (Standing List) दर्ताको लागि सोही नियमावलीको अनुसूची-२क. बमोजिमको ढाँचामा यस कार्यालयमा निवेदन दर्ता गराउनु हुन यो सूचना प्रकाशित गरिएको छ। आफुले गर्न चाहेको कार्यको लागि विषयगत छुट्टाछुट्टै निवेदन दर्ता गराउनु पर्नेछ। रित नपुगी आएका निवेदनलाई मान्यता दिइने छैन। प्राप्त दरखास्तहरु सूचीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहने छ।

(क) खरिद तथा आपूर्तितर्फ

- i. मसलन्द तथा कार्यालय सामानहरु,
- ii. कम्प्युटर, प्रिन्टर, फोटोकपी, फ्याक्स लगायतका इलेक्टोनिक्स सामानहरु,
- iii. इलेक्ट्रिकल सामानहरु,
- iv. छपाई सम्बन्धी कार्य,
- v. फर्निचर तथा फर्निसिङ्ग सम्बन्धी सामानहरु,
- vi. विज्ञापन/सूचना प्रकाशित गर्ने कार्य,
- vii. टंयाकरको पानी आपूर्ति,
- viii. जारको पिउने पानि/बोतलको पिउने पानीको आपूर्ति,
- ix. सवारी साधनको पाटपूर्जा,
- x. पत्रपत्रिकाको आपूर्ति,
- xi. धारा वाथरुमका सामानहरु,
- xii. हवाई टिकट।

(ख) मर्मततर्फ

- i. कम्प्युटर, फोटोकपी, फ्याक्स, प्रिन्टर, टि.भी. ए.सी. ईलेक्ट्रोनिक समानहरु,
- ii. कार जिप, पिकअपहरु,
- iii. मोटरसाईकल, स्कुटर एवं साइकलहरु,
- iv. दराज, कुर्सी, टेवल एवं फर्निचर सम्बन्धी कार्यहरु,
- v. भवनभित्रका सानातिना मर्मत सम्भारका कार्यहरु,
- vi. धारा तथा वाथरुमका सामानहरुको मर्मत सम्भार।

(ग) सेवा तथा परामर्श सेवातर्फ

- i. सफ्टवयर निर्माण र आपूर्ति सम्बन्धी सेवा,
- ii. भवन र निवासको परिसर सरसफाई,
- iii. जनशक्ति आपूर्ति सेवा ( कार्यालयको सरसफाई, बगैचा व्यवस्थापन, पालोपहरा, प्लम्बर, इलेक्ट्रीसियन),
- iv. प्रतिवेदन तयारी कार्य ।

(घ) खाद्यान्नतर्फ

- I. लञ्च एवं खाजा प्याकेट,
- II. फलफुल तथा जुस,
- III. कुकिज, विस्कुटहरु,
- IV. चिया एवं अर्डर बमोजिमको नास्ता,
- V. अन्य खाद्यान्न सामानहरु।

निवेदनसाथ पेश गर्नुपर्ने कागजातहरु:

१. संस्था दर्ता र नविकरण भएको प्रमाणपत्रको छायाँप्रति,
२. स्थायी लेखा नम्बर प्रमाणपत्रको छायाँप्रति,
३. मु.अ.कर दर्ताको प्रमाणपत्रको छायाँप्रति ( मु.अ.करमा दर्ता हुनेको हकमा मात्र),
४. आर्थिक वर्ष २०८२/८३ को कर चुक्ता प्रमाणप्रत्रको छायाँप्रति,
५. व्यवसायिक ईजाजत पत्रको छायाँप्रति ( छुट्टै इजाजतपत्र लिनुपर्नेको हकमा मात्र) ।
६. कुनै पनि खरिद कार्यको लागि अयोग्य भए नभएको वा कालोसूचीमा नपरेको स्वघोषणा।